# व्याकरणिक र कोशीय संसक्ति र सम्बद्धन

*शिवप्रसाद तिमल्सेना**


## लेखसार

*सङ्कथन अभिव्यक्तिको सिङ्गो कथन हो । यसमा भाषाका सम्पूर्ण एकाइहरु समाविष्ट भएका हुन्छन् । सम्प्रेषणमूलक हुनु सङ्कथनको प्रमुख विशेषता हो । यसमा गफ, कुराकानी, संवाद, छलफल, अन्तर्वार्ता आदि अन्तर्क्रियात्मक कथन अभिव्यक्तिका साथै एकालापीय अभिव्यक्तिहरु भाषण, प्रवचन, वाचन आदि पनि पर्दछन् । त्यस्तै गरी लेख्य रुपका निबन्ध, चिठी, संस्मरण, जीवनी, विज्ञापन, प्रतिवेदन, सूचना आदि पनि सङ्कथनकै विषय मानिन्छन् । सङ्कथनका भाषिक एकाइलाई अन्वितिपूर्ण बनाउन सम्बद्धक (Cohesion) र सम्बद्धन (Coherence) को बढी आवश्यकता पर्दछ। सम्बद्धकलाई संसक्ति पनि भनिन्छ। आपसमा जुटेर रहनु वा टाँसिएर रहनु नै संसक्ति हो। शब्द, पदावली, उपवाक्य र वाक्यका बिचमा सम्बन्ध स्थापित गराउने वा जोड्ने युक्तिहरु नै संसक्ति हुन्। यिनीहरूलाई व्याकरणिक र कोशीय गरी दुई वर्गमा बाँड्न सकिन्छ। सम्बद्धन सङ्कथनको आत्मा हो जुन भाषाको अर्थ पक्षसँग सम्बन्धित हुन्छ। सम्बद्धनले अभिव्यक्तिको वैचारिक सिलसिला जनाउँछ। वाक्यहरूबिच रहेको अन्तरसङ्गति अर्थात् भाव वा अर्थको सिलसिलाबद्ध प्रस्तुति नै सम्बद्धन हो । यसरी सम्बद्धक (संसक्ति) र सम्बद्धनको उपयुक्त मेलबाट मात्रै भाषिक अभिव्यक्ति सार्थक बन्न सक्ने देखिन्छ ।*


***मुख्य शब्दावली :*** *संसक्ति, पाठ निर्माण, सम्बन्ध स्थापना, व्याकरणिक, कोशीय, सम्बद्धक र सम्बद्धन*

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा सङ्कथनको परिचय र यसका युक्ति (साधन) हरूको विश्लेषण गरिएको छ । सङ्कथनका युक्तिका रुपमा रहेका सम्बद्धक र सम्बद्धनमध्ये यस लेखमा सम्बद्धक (जसलाई संसक्ति पनि भनिने) को मात्र चर्चा गरिएको छ । सम्बद्धक पनि व्याकरणिक र कोशीय गरी दुई प्रकारका रहेका छन् । जसमा व्याकरणिक सम्बद्धकमा सार्वनामिक, स्थानिक, कालिक, संयोजक, पुनरावृत्ति, प्रतिस्थापन र लोप रहेका छन् भने कोशीय सम्बद्धकमा पर्यायवाची, विपरीतार्थी, समावेशी, अनेकार्थी, सन्निधान र प्रकारान्तर कथन रहेका छन् । यी व्याकरणिक र कोशीय सम्बद्धकको सामान्य परिचय र उदाहरण यस लेखमा दिइएको छ । लेखका लागि आवश्यक सामग्री सङ्कलन पुस्तकालय पद्धतिबाट विभिन्न सन्दर्भ कृति र मौखिक स्रोतका सहायताले गरिएको छ भने तिनको सङ्गठन र प्रस्तुतीकरणका लागि वर्णनात्मक र व्याख्यात्मक विधि अपनाइएको छ ।

* तिमल्सेना त्रि.वि. शिक्षाशास्त्र केन्द्रीय विभागमा उपप्राध्यापक हुनुहुन्छ ।

## सङ्कथनको परिचय

भाषाको निर्माण विभिन्न भाषिक एकाइद्वारा भएको हुन्छ । त्यस्ता एकाइहरूमा ध्वनि, वर्ण, रूप, पद, पदावली, उपवाक्य, वाक्य, अनुच्छेद, परिच्छेद र सङ्कथन आदि पर्दछन् । यी एकाइहरु मध्ये रूपभन्दा माथिका संरचनामा अर्थ अन्वित भएको हुन्छ । जसमध्ये वाक्यसम्मका एकाइहरूको अध्ययन भाषिक व्याकरणको विषय हो भने सङ्कथनअन्तर्गत अनुच्छेद र परिच्छेदहरूको अध्ययन गरिन्छ । व्याकरणिक एकाइमा अर्थको पूर्णता पाइँदैन भने अनुच्छेद, परिच्छेद र सङ्कथन आदि एकाइमा अर्थको पूर्णता पाइन्छ । यी अनुच्छेद र परिच्छेदहरु पनि सङ्कथनकै एकाइका रूपमा आएका हुन्छन् । तसर्थ संरचनागत र अर्थगत रूपमा पनि सङ्कथनलाई नै भाषाको सबैभन्दा माथिल्लो एकाइका रूपमा चिनिन्छ । सङ्कथनलाई समग्र कथन भनिन्छ । अर्थात् "वाक्यभन्दा माथिल्लो र स्वयम्मा पूर्ण अभिव्यक्तिलाई सङ्कथन भनिन्छ" (अधिकारी, २०६२, पृ. २५०) ।

अङ्ग्रेजी शब्द डिस्कोर्सको नेपाली रूपान्तर नै सङ्कथन हो । "यसलाई प्रोक्ति वा प्रकथन पनि भनिन्छ" (खनाल, २०६४, पृ. २२५) । सङ्कथनले अभिव्यक्तिको सिङ्गो रूपलाई बुझाउँछ । जसमा भाषाका सम्पूर्ण एकाइहरु समाविष्ट भएका हुन्छन् । तर, निरर्थक शब्दहरूको थुप्रो मात्र पनि सङ्कथन होइन यो त भाषाको त्यस्तो स्वरूप हो जुन अर्थपूर्ण र सन्दर्भपूर्ण हुन्छ । सम्प्रेषणात्मक हुनु नै सङ्कथनको मूलभूत विशेषता हो । तिवारी (सन् १९९७, पृ. २१४) ले सङ्कथनका १. एकभन्दा बढी वाक्य हुनु, २. वाक्यको क्रम तर्कपूर्ण हुनु, ३. वाक्यहरु आपसमा सुसम्बद्ध हुनु, ४. वाक्यहरु आपसमा मिलेर सन्दर्भविशेषमा अर्थका दृष्टिले पूर्ण हुनु र ५. तर्कपूर्ण क्रमयुक्त, आपसमा सुसम्बद्ध तथा अर्थका दृष्टिले पूर्ण हुनु गरी पाँच ओटा विशेषताहरु उल्लेख गरेका छन् ।

प्रारम्भमा सङ्कथन अन्तर्गत कथ्य अभिव्यक्तिलाई मात्र लिइन्थ्यो भने हाल यसअन्तर्गत लेख्य अभिव्यक्तिहरूको पनि अध्ययन गरिन्छ । यसमा गफ, कुराकानी, संवाद, छलफल, अन्तरवार्ता आदि अन्तर्क्रियात्मक कथन अभिव्यक्तिका साथै एकालापीय अभिव्यक्तिहरु भाषण, प्रवचन, वाचन आदि पनि पर्दछन् । त्यस्तै गरी लेख्य रूपका निबन्ध, चिठी, संस्मरण, जीवनी, विज्ञापन, प्रतिवेदन, सूचना आदि पनि सङ्कथनकै विषय मानिन्छन् ।

कथ्य सङ्कथनहरु खास खास भाषिक पृष्ठभूमि र सन्दर्भमा आधारित हुन्छन् । यिनीहरु वक्ता श्रोताको अन्तरविनिमयमा आधारित हुन्छन् । तर मौखिक स्वरूपका भएका हुनाले यस्ता सङ्कथनको सङ्कलन र अध्ययनमा कठिनाइ हुन सक्छ । यस्ता मौखिक अभिव्यक्तिको अध्ययन गर्दा वक्ता श्रोताको हाउभाउ, मुखमुद्रा आदि पराभाषिक पक्षका साथै वक्ताको सामाजिक परिवेशलाई पनि ध्यान दिनु पर्दछ । अर्कातिर लेख्य सङ्कथनहरु भाषिक सामग्रीमा बढी भर परेका हुन्छन् । यिनीहरु वक्ता श्रोता निरपेक्ष हुन्छन् । तसर्थ यिनको सङ्कलन र अध्ययन सहज हुन्छ । कथ्य सङ्कथन मौखिक र क्षणिक प्रकृतिका भए पनि यी बढी यर्थाथपरक हुन्छन् भने लेख्य सङ्कथनहरु स्थायी प्रकृतिका

भए पनि यी अतिशयोक्तिपूर्ण हुन्छन् । जेहोस् भाषिक अध्ययनका लागि दुबै माध्यमका सङ्कथनहरू उपयोगी हुन सक्छन् ।

सङ्कथनलाई पूर्ण बनाउन विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ । यस्ता तत्त्वहरूलाई अधिकारी (२०६२, पृपृ. २५८-२५९) ले प्रस्तोता, बोद्धा, मार्ग, सूचनाको स्वरूप, शीर्षक/विषय, कोड र परिवेश गरी सात ओटा उल्लेख गरेका छन् । प्रस्तोता वा वक्ता सङ्कथनको पहिलो महत्त्वपूर्ण तत्त्व हो । यसले विषयवस्तुको उठान गरी त्यसलाई अन्त्य गर्ने काम पनि गर्दछ । बोद्धा वा श्रोता सङ्कथनको अर्को महत्त्वपूर्ण तत्त्व हो । बोद्धाको कार्य विषय वस्तुको बोध गरी त्यसका बारे स्पष्ट हुनु हो । त्यसै गरी सूचना सम्प्रेषणको माध्यम पनि सङ्कथनका लागि आवश्यक हुन्छ । माध्यम भनेको सूचनालाई फोन, पत्राचार, रेडियो, टिभी आदि कुन माध्यमबाट प्रस्तुत गरिन्छ भन्ने कुरा हो । सूचनाको किसिम कस्तो छ भन्ने कुरा पनि सङ्कथनमा आवश्यक हुन्छ । गफ, कुराकानी, संवाद आदि सूचनाका स्वरूपहरू यसमा पर्दछन् । त्यस्तै गरी सूचनाको विषय, कोड वा भाषा र परिवेश आदि पनि सङ्कथनका तत्त्वहरूमा पर्दछन् ।

## सङ्कथन विश्लेषण

सङ्कथन विश्लेषण भनेको कुनै सन्दर्भमा व्यक्त भएको साञ्चारिक घटनाको व्याख्या वा विश्लेषण हो जुन व्याकरणिक नभई प्रकार्यात्मक हुन्छ । यसमा भाषाका विस्तारित स्वरूपहरूको अध्ययन गरिन्छ । "प्रारम्भमा सङ्कथन विश्लेषण अन्तर्गत संवाद विश्लेषणलाई मात्र लिइन्थ्यो तर अहिले यस अन्तर्गत पाठ विश्लेषण र आख्यान विश्लेषणलाई पनि लिइन्छ" (पौडेल, २०७३, पृ. १९) । संवाद विश्लेषणमा बोलाइका कथ्य सन्दर्भहरूलाई लिने गरिन्थ्यो भने पाठ र आख्यान विश्लेषणमा सम्बन्धित पाठभित्रका घटना, पात्र, परिवेश आदि पक्षहरूको अध्ययन गरिन्छ । यस्ता सङ्कथनका पाठहरूलाई भाषा वैज्ञानिक (भाषाका विभिन्न एकाइहरूका आधारमा), मनोभाषा वैज्ञानिक (भाषाको बोध र अभिव्यक्तिका आधारमा) र समाज भाषा वैज्ञानिक (सामाजिक सन्दर्भ र समाजमा यसको प्रयोगका आधारमा) आदि विभिन्न आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ ।

## सङ्कथन विश्लेषणको विकास

वाक्यभन्दा ठुलो र स्वयम्मा अर्थपूर्ण भाषिक एकाइलाई सङ्कथन भनिन्छ । प्रारम्भमा "खिस्टियन चर्चमा क्लर्जीमेनले अँाट जस्तो उच्च आसनमा बसेर दिएको उपदेश वा प्रवचनलाई डिस्कोर्स भनी नामकरण गरियो" (खनाल, २०६४, पृ. २२५) । यस शब्दलाई वाक्यभन्दा माथिल्ला एकाइको सिङ्गो संरचना भनी भाषा विज्ञानमा प्रयोग गरिएको थियो । संस्कृतमा सङ्कथन जस्तै भाषिक एकाइलाई जनाउन महावाक्य शब्दको प्रयोग गरिएको पाइन्छ । तन्त्र, शास्त्र आदि शब्दले पनि यसै अर्थलाई वहन गरेको पाइन्छ । "प्राचीन आयुर्वेद र कौटिल्यको अर्थशास्त्र आदि ग्रन्थहरूमा विभिन्न

तन्त्रमन्त्रहरूको प्रयोग भएको पाइन्छ । तिनले पनि कतिपय सन्दर्भमा सङ्कथनकै भूमिका निर्वाह गरेका थिए" (खनाल, २०६४, पृ. २२५) ।

सङ्कथन विश्लेषणको विकास १९६० को दशकपछि भएको हो । खास गरी भाषा विज्ञानमा वाक्यभन्दा माथिल्ला एकाइको अध्ययनको क्रम सुरू भएपछि यसको विकासमा तीव्रता आएको हो । यसको विकासमा समाजशास्त्र, मनोविज्ञान, मानवशास्त्र, सामाजिक भाषा विज्ञान, मनोभाषा विज्ञान र प्रतीक विज्ञान आदिको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । "सङ्कथन विश्लेषण शब्दको सर्वप्रथम प्रयोग भने जेलिङ ह्यारिसले १९५२ मा गरेका हुन्" (ढुङ्गेल र दाहाल, २०६५, पृ. १५२) । उनले एउटा लेख मार्फत पाठमा भाषातत्त्वहरूको वितरणबारे चर्चा गर्दा हेयर टनिकको विज्ञापनलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै त्यसमा प्रयुक्त शब्द र वाक्यले वाक्यस्तरभन्दा पनि माथिल्लो स्तरमा अर्थ सम्प्रेषण गरेको निष्कर्ष निकालेका थिए (पौडेल, २०७३, पृ. १७) ।

सङ्कथन विश्लेषणको विकासमा डेल हाइम्स, अस्टिन, सर्ल र ग्राइम्स आदिको महत्त्वपूर्ण योगदान रहेको छ । पछिल्ला दिनहरूमा फर्थ, ह्यालिडे आदिका विचारधाराबाट सङ्कथन विश्लेषण अघि बढ्दै आएको छ । नेपालको सन्दर्भमा चूडामणि बन्धुले नै पहिलो पटक पुरा कुरा बुझाउने भाषिक एकाइका रूपमा सङ्कथन विश्लेषणको प्रयोग गरेको कुरा खनाल (२०६४, पृ. २२५) ले उल्लेख गरेका छन् ।

## सङ्कथनका युक्ति

सङ्कथनलाई अर्थपूर्ण बनाउन विभिन्न युक्तिहरूको आवश्यकता पर्दछ । डी ब्रगाउन्ड र ड्रेसलरले पाठका विशेषताका सम्बद्धक, सम्बद्धन, उद्देश्ययुक्तता, ग्राह्यता, सूचनात्मकता, परिस्थितिमूलकता र पाठहरूबिचको सम्बन्ध गरी सात ओटा स्तर रहने कुरा उल्लेख गरेका छन् (ढुङ्गेल र दाहाल, २०६५, पृ. १५८) । यीमध्ये सङ्कथनका भाषिक एकाइलाई अन्वितिपूर्ण बनाउन सम्बद्धक (Cohesion) र सम्बद्धन (Coherence) को बढी आवश्यकता पर्दछ।

सम्बद्धकलाई संसक्ति पनि भनिन्छ । खनाल (२०६४) ले यसलाई अभेद्यता पनि भनेका छन् । उनका विचारमा "यसले साधारण रूपमा शब्दभित्र अर्को तत्त्व घुस्न नसक्ने क्षमता दर्साउँछ" (पृ. २२३) । भनाइको आशय आपसमा जुटेर रहनु वा टाँसिएर रहनु नै संसक्ति हो । शब्द, पदावली, उपवाक्य र वाक्यका बिचमा सम्बन्ध स्थापित गराउने वा जोड्ने युक्तिहरु नै संसक्ति हुन् । संसक्तिले एउटै शृङ्खलामा उनिएका वाक्यहरूका बिच स्थायित्व ल्याउने, थोरैमा धेरै कुरा भन्ने तथा पाठको प्रभावकारिता बढाउने जस्ता कार्यहरु गर्दछन् । भाषिक एकाइका बिच सम्बन्ध जनाउन आउने तत्त्वहरु यसमा पर्दछन् । यिनीहरूलाई सिंह (१९९९) ले स्थानिक र सार्वत्रिक गरी दुई भागमा वर्गीकरण गरेका छन् । नेपाली सन्दर्भमा भने यिनलाई व्याकरणिक र कोशीय गरी दुई वर्गमा बाँड्ने गरिएको पाइन्छ (अधिकारी, २०६२, पौडेल, २०७३) । यिनै व्याकरणिक र कोशीय संसक्तिमा यो लेख केन्द्रित रहेको छ ।

सम्बद्धन सङ्कथनको आत्मा हो जुन भाषाको अर्थ पक्षसँग सम्बन्धित हुन्छ। सम्बद्धनले अभिव्यक्तिको वैचारिक सिलसिला जनाउँछ। वाक्यहरूबिच रहेको अन्तरसङ्गति अर्थात् भाव वा अर्थको सिलसिलाबद्ध प्रस्तुति नै सम्बद्धन हो । "यो भाषिक पाठहरूमा अदृश्य रूपमा रहेको सूक्ष्म र आन्तरिक तत्त्व हो" (ढुङ्गेल र दाहाल, २०६५) । डेभिड क्रिस्टलका अनुसार सङ्कथन विश्लेषणमा सम्बद्धनले कुनै कथ्य वा लेख्य भाषाका पाठका अंशहरूका बिच सम्बन्ध देखाउने काम गर्दछ (सन् २००८) । पाठकहरूले भाषिक एकाइको ग्रहण र बोधबाट नै सम्बद्धनको पहिचान गर्न सक्छन् । तसर्थ पाठहरूमा सम्बद्धकभन्दा सम्बद्धन अनिवार्य मानिन्छ । सम्बद्धक भएका ठाउँमा सम्बद्धन नहुन सक्छ तर सम्बद्धन भएका ठाउँमा सम्बद्धक हुन्छ । क्रमभङ्ग भएका, पूर्वापर सम्बन्ध नभएका र अनुमान गर्न नसकिने भाषिक उच्चारले सम्बद्धनलाई देखाउन सक्तैनन् । "सङ्कथनका भाषिक घटनाको कार्यकारण वा कारणकार्य सम्बन्ध जनाउने यसले अभिव्यक्तिको आन्तरिक र परिवेशीय पक्षलाई समेत समेटेको हुन्छ" (भण्डारी र नेपाल, २०७६, पृ. १६) । त्यसै कारण भाषिक अभिव्यक्तिमा सम्बद्धन अत्यावश्यक मानिन्छ। यसरी सङ्कथनका दुई ओटा प्रकारहरू/युक्तिहरु रहे पनि यहाँ भने लेखको शीर्षक अनुसार व्याकरणिक र कोशीय संसक्तिको मात्र चर्चा गरिन्छ ।

## व्याकरणिक संसक्ति

भाषिक अर्थलाई शाब्दिक र व्याकरणिक गरी दुई वर्गमा बाँड्न सकिन्छ । व्याकरण वा वाक्यात्मक संरचनाबाट प्राप्त हुने अर्थ नै व्याकरणिक अर्थ हो । यसलाई संरचनात्मक अर्थ पनि भनिन्छ। सर्वनाम, निपात, नामयोगी आदि वर्गका शब्दहरु व्याकरणिक संसक्तिमा पर्दछन् । व्याकरणिक एकाइसँग सम्बन्धित युक्तिलाई व्याकरणिक संसक्ति भनिन्छ । यी युक्तिहरु भाषिक एकाइहरूलाई जोड्नका लागि प्रयोगमा आउँछन् । यिनले भाषाका एकाइहरूबिच सम्बन्ध स्थापित गराउने काम गर्दछन् । व्याकरणिक संसक्तिहरु पनि विभिन्न प्रकारका हुन्छन् :

**सार्वनामिक :**

परम्परागत व्याकरणमा प्रचलित सर्वनाम र सार्वनामिक शब्दहरु नै सार्वनामिक संसक्ति हुन् । वाक्यभित्रका नामिक पदहरूको सट्टामा सर्वनाम शब्दहरूको प्रयोग गरी तयार गरिएको रचनामा सार्वनामिक संसक्ति प्रयोग भएको हुन्छ । एउटै वाक्यभित्र आन्तरिक रूपमा र वाक्य वाक्यबिचको अन्तरवाक्यीय संरचनाहरूमा भनाइलाई सङ्गठित र मजबुत बनाउन यस्तो संसक्ति आएको हुन्छ । जस्तै : मनीष विद्यालयबाट फर्किए। <u>उनी</u> असाध्यै थाकेका थिए। तैपनि पढाइप्रति <u>उनको</u> उत्साह घटेको थिएन। <u>उनले</u> भानुभक्तको रामायण पल्टाए। त्यसपछि <u>उनी</u> भाका हाली हाली पढ्न थाले प्रस्तुत वाक्यमा रेखाङ्कन गरिएका सर्वनामहरूले सार्वनामिक संसक्तिको काम गरेका छन् । "सार्वनामिक संसक्तिहरु अग्रसन्दर्भक र पश्चसन्दर्भक भई वाक्यमा विस्तार हुने गर्दछन्" (अधिकारी, २०६२, पृ. २५५) । सार्वनामिक संसक्तिहरु पुरूषवाचक, दर्शकवाचक, सम्बन्धवाचक, प्रश्नवाचक र आत्मवाचक गरी पाँच किसिमका हुने गर्दछन् ।

**स्थानिक :**

ठाउँ विशेष बुझाउने शब्दहरु स्थानिक संसक्ति हुन् । यिनीहरूले स्थानको सन्दर्भ र परिवेशलाई सङ्केत गर्दछन् (ओझा, २०७४) । तल, माथि, यहाँ, त्यहाँ, बाहिर, मुनि, उँधो, वारि, पारि, कहाँ, जहाँ, वर, पर, टाढा, नजिक, नेपालमा, हिमाली, पहाडको, गाउँमा, सहरमा आदि खास ठाउँ बुझाउने शब्दलाई स्थानिक संसक्तिका उदाहरण मान्न सकिन्छ ।

**कालिक :**

निश्चित समयको सङ्केत गर्ने शब्दहरूलाई कालिक संसक्ति भनिन्छ । यस्ता शब्दहरूले काल वा समयलाई बुझाउँछन् । बिहान, बेलुका, साँझ, राति, मध्याह्न, हिजो, आज, भोलि, अस्ति, पोहोर, आघौँ, शनिबार, गत वर्ष, १५ गते, २००९ सालमा, सधैँ, प्रायः, दिनहुँ, कहिलेकाहीँ, पहिले, अब, तब, जब, भरे, सबेरै, तुरुन्त, भरखर, यतिबेला, यतिन्जेल, कतिन्जेल आदि समय वाचक शब्दहरु कालिक संसक्तिका उदाहरणहरु हुन् ।

**संयोजक :**

दुई वा दुईभन्दा बढी शब्द, पदावली र उपवाक्यहरु जोड्ने अविकारी पदहरूलाई संयोजक भनिन्छ । संयोजकले पनि भाषिक एकाइमा आएर तिनीहरूलाई आपसमा जोड्ने र सम्बद्ध बनाउने काम गर्दछन् । "यस्तो संयोजनको भूमिका खेल्ने भाषिक रूप वा शब्दहरूले सङ्कथनात्मक घटना वा वैचारिक श्रृङ्खलाहरूलाई अर्थपूर्ण सन्दर्भमा जोड्ने काम गरेका हुन्छन्" (पौडेल, २०७३, पृ. २५) । जो, जे, जुन, जहाँ, जब, जहिले, जसरी, जत्रो, जसो, यदि, भने, भनी, भन्ने, भनेर, र, अनि, पनि, तर, अथवा, वा, या, कि, किन्तु, परन्तु, हुनत, तथापि, तैपनि, यसर्थ, तसर्थ, किनभने, त्यसैले आदि संयोजक संसक्तिका उदाहरणहरु हुन् ।

**पुनरावृत्ति :**

एक पटक प्रयोगमा आएको कुरालाई पुनः आवृत्त गर्ने काम नै पुनरावृत्ति हो । भाषिक रचनामा पनि एउटै पद, पदावली र वाक्यलाई सार्थक रूपमा दोहोऱ्याउनुलाई पुनरावृत्ति भनिन्छ (ढकाल र अन्य, २०७३/७४) । यसले पनि भनाइलाई छोटो छरितो, रोचक र प्रभावकारी बनाउन मद्दत गर्दछ । जस्तै : तपाईँलाई सूर्योदयको दृश्य हेर्ने मन छ भने नगरकोट जानु होस् । नगरकोटबाट सूर्योदय राम्ररी हेर्न पाइन्छ भने वरपरको दृश्य पनि देखिन्छ । जुन मान्छेले नगरकोटको भ्रमण गर्छ उसले सूर्योदयको दृश्य हत्तपत्त बिर्सँदैन । नगरकोटले पर्यटन व्यवसाय बढाएको छ र स्थानीय मानिसहरूका लागि आय आर्जनको बाटो पनि खुलाएको छ । प्रस्तुत वाक्यमा नगरकोट र सूर्योदय शब्दको पटक पटक पुनरावृत्ति भएको छ जसले अभिव्यक्तिलाई झन् बढी रोचक र प्रभावकारी बनाउन मद्दत गरेको छ ।

**प्रतिस्थापन :**

कुनै संरचना वा वस्तुका सट्टामा अर्को वस्तु राख्ने काम प्रतिस्थापन हो । त्यस्तै गरी सङ्कथनका सन्दर्भमा यसलाई एउटा सन्दर्भमा रहेका शब्द वा शब्द समूहका सट्टामा अर्कै शब्दहरु प्रयोग गर्ने कार्यका रूपमा चिनाउन सकिन्छ (अधिकारी, २०६२) । अर्थात् एक पटक प्रयोग गरिएका शब्दहरूको साटो वैकल्पिक शब्दावलीको प्रयोग गरी भाषिक अभिव्यक्तिको निर्माण गरिन्छ भने त्यसलाई प्रतिस्थापन भनिन्छ। जस्तै : पृथ्वीले अन्दाजी २४ घण्टामा आफ्नो अक्ष वरिपरि एक फन्को मार्दछ, जसको फलस्वरूप यहाँ लगभग २४ घण्टाको एक दिन हुन्छ। प्रस्तुत पहिलो वाक्यमा प्रयोग भएको अन्दाजी शब्दलाई दोस्रो वाक्यमा प्रयोग भएको लगभग शब्दले प्रतिस्थापन गरेको छ। अर्को उदाहरण पनि हेरौँ–३६५ दिनमा पृथ्वीले सूर्यको एक परिक्रमा पुरा गर्दछ । यो समयको अवधिलाई पृथ्वीका निम्ति एक वर्ष मानिएको छ। यस उदाहरणमा पहिलो वाक्यमा आएको ३६५ दिनलाई दोस्रो वाक्यमा आएको यो समयको अवधि भन्ने पदावलीले प्रतिस्थापन गरेको छ ।

**लोप :**

हराउने वा नदेखिने स्थिति नै लोप हो। व्याकरणको नियम अनुसार शब्दका कुनै अक्षर वा वाक्यका घटकहरूको अल्पता वा कमी नै लोपको स्थिति हो । "वाक्यमा कुनै खास भाषिक एकाइको प्रयोग नगरिएमा लोप भएको मानिन्छ" (गौतम, २०६१, पृ. १५) । लोप गर्दा भाषिक एकाइको कुनै अंश छुटेको हुन्छ तर त्यसले अर्थको सम्प्रेषणमा बाधा पार्दैन। अघिल्लो अंशकै सहायताले पाठकहरूले पुरै संरचनाको अर्थ ग्रहण गर्ने गर्दछन्। तर लोप गर्नका लागि उक्त छुटेको अंश पूर्वानुमान गर्न सकिने खालको हुनु पर्दछ। उक्त लोप अंशलाई पाठकहरूले सन्दर्भ र परिवेशका आधारमा ग्रहण गर्ने गर्दछन् । जस्तै : तपाईँ मुस्ताङ जानु भएछ। त्यहाँको सुन्दरतामा रमाउनु भएछ । त्यहाँ दुई चार दिन बस्नु भएछ । त्यहाँका स्याउ खानु भएछ । अनि यी सबै अनुभव समेटेर कविता लेख्नु भएछ । प्रस्तुत अनुच्छेदको पहिलो वाक्यमा प्रयोग भएको तपाई सर्वनाम दोस्रो, तेस्रो, चौथो र पाँचौँ वाक्यमा समेत लोप भएको छ तर पनि त्यहाँ अर्थको सम्प्रेषणमा बाधा परेको देखिँदैन।

## कोशीय संसक्ति

शब्दका तहमा निहित अर्थ नै शाब्दिक अर्थ हो। यसलाई कोशीय अर्थ पनि भनिन्छ। यस्ता शब्दहरूले स्वतन्त्र अर्थ प्रदान गर्दछन् तसर्थ यिनको अर्थ शब्दकोशमा समावेश गरिएको हुन्छ। "सङ्कथनात्मक वैचारिकता तथा घटना शृङ्खलाको अन्तर्सम्बद्धता जोड्न कोशीय सम्बन्धले पनि विशेष भूमिका खेलेको हुन्छ" (पौडेल, २०७३, पृ. २६) । यिनले वाक्यभित्र कोशीय अर्थ सम्बन्ध कायम गर्ने काम गर्दछन् । नाम, विशेषण र क्रिया आदि वर्गका शब्दहरूको कोशीय अर्थ हुने गर्दछ। कोशीय अर्थ हुने यिनै शब्दलाई कोशीय संसक्ति भनिन्छ। यी संसक्तिहरु पनि विभिन्न प्रकारका हुन्छन् :

**पर्यायवाची :**

फरक फरक शब्दको समान वा एउटै अर्थ भएमा त्यस्ता शब्दहरूलाई पर्यायवाची शब्द भनिन्छ (अधिकारी र भट्टराई, २०६६) । यस्ता शब्दलाई समानार्थी शब्द पनि भनिन्छ। पर्यायवाची शब्दहरु पूर्ण पर्यायवाची र आंशिक पर्यायवाची गरी दुई प्रकारका हुन्छन्। पूर्ण पर्यायवाची भनेको अलग अलग शब्दको अर्थ सम्पूर्ण रूपमा एकै हुनु हो तर यस्तो अर्थ सम्बन्ध भएका शब्दहरु पाउन सकिन्न। अर्थमा आंशिक रूपमा मात्र समानता छ भने ती शब्दलाई आंशिक पर्यायवाची शब्द भनिन्छ। यस्ता शब्दहरु पनि वर्णनात्मक, भाषिकागत, शैलीगत र अन्तर भाषागत गरी चार प्रकारका हुन्छन्। जस्तै : आमा-जननी, ईश्वर-देवता, ज्ञाता-विज्ञ, घर-गृह, खोकी-काँसो, खानु-ज्युनार गर्नु आदि। यस्ता पर्यायवाची शब्दले कोशीय संसक्तिको काम गरेका छन्।

**विपरीतार्थी :**

विपरीत वा ठिक उल्टो अर्थ बुझाउने शब्दलाई विपरीतार्थक शब्द भनिन्छ (ओझा, २०७४) । यी शब्दहरूमा एक शब्दको अर्थमा अर्को शब्दको अर्थ समावेश हुँदैन। यस्तो अर्थगत सम्बन्धलाई असमावेशार्थकता पनि भनिन्छ। एउटा शब्दको विपरीत वा भिन्न अर्थ देखाउनु पर्दा विपरीतार्थक शबदको प्रयोग गरिन्छ। विपरीतार्थी अर्थ सम्बन्ध पनि श्रेणीबद्ध, परिपूरक र विरूद्धार्थक गरी तीन प्रकारका हुन्छन्। जस्तै : सानो-ठुलो, तातो-चिसो, मृत-जीवित, पाप-पुण्य, संयोग-वियोग, नाफा-नोक्सान, उदय-अस्त, बाबु-छोरा आदि।

**समावेशी :**

दुई भिन्न शब्दमध्ये एउटा शब्दको अर्थमा अर्को शब्दको अर्थ समेटिन्छ भने त्यस्तो सम्बन्धलाई समावेशी अर्थ सम्बन्ध भनिन्छ । यस्ता शब्दहरूमध्ये आफूमा समावेश गर्ने शब्दलाई समावेशक र अरूमा समावेश हुन जाने शब्दलाई समावेशित शब्द भनिन्छ (ओझा, २०७४) । यिनलाई उच्च पद र निम्न पद पनि भनिन्छ। जस्तै :

मान्छे : छोरो, छोरी, राम, श्याम, गीता, हर्क बहादुर, डोमिला कुमारी आदि।
फूल : लाली गुराँस, चम्पा, जाइ, चमेली, सयपत्री, अजम्बरी, गोदाबरी आदि।
जनावर : बाघ, हात्ती, स्याल, बाँदर, घोडा, गाई, गोरू, ढेडु, अर्ना आदि।

उदाहरणमा प्रस्तुत भएका मान्छे, फुल र जनावर शब्दले धेरै किसिमका मान्छे, फूल र जनावरलाई आफूमा समावेश गरेका छन्। शब्दहरूबिच रहेको यस्तो सम्बन्धलाई नै समावेशी अर्थ सम्बन्ध भनिन्छ।

**अनेकार्थी :**

दुई वा सोभन्दा बढी अर्थ दिने एउटा शब्दलाई अनेकार्थी शब्द भनिन्छ (अधिकारी र भट्टराई, २०६६) । स्वरूप र संरचनागत रूपमा हेर्दा यो एउटा शब्द देखिन्छ तर विभिन्न सन्दर्भमा प्रयोगमा आउँदा भने यसले भिन्न भिन्न अर्थ ग्रहण गर्ने गर्दछ। जस्तै :

कर- १. तिरो, राजस्व २. ढिपी, जिद्दी ३. हात ४. सूर्यको किरण

प्रस्तुत उदाहरणमा कर शब्दका चारवटा अर्थ दिइएको छ। तर मूल शब्द करको स्वरूपमा भने कहीँ कतै परिवर्तन देखिएको छैन। तसर्थ यस्तो अर्थगत सम्बन्धलाई पनि कोशीय संसक्ति अन्तर्गत राखिएको हो। यसले पनि वाक्यमा आएर अर्थगत सम्बन्धलाई जोड्ने वा थप स्पष्ट पार्ने काम गर्दछ।

**सन्निधान :**

सन्निधानको शाब्दिक अर्थ सहप्रयोग हो। यसलाई सहचार्य, सन्निधि वा आसत्ति पनि भनिन्छ। यसले शब्दबिचको स्थानिक र कालिक निकटता जनाउँछ।भाषाका शब्दहरु एक थरी शब्दसँग बढी निकटको सम्बन्ध राख्ने किसिमका हुन्छन् भने अर्कोथरी शब्दसँग सम्बन्ध नै नराख्ने किसिमका हुन्छन्। यसरी शब्दहरूको सँगसँगै प्रयोग हुन सक्ने अवस्थालाई नै सन्निधान सम्बन्ध भनिन्छ।"यस शब्दको सर्वप्रथम प्रयोग पूर्व मीमांसा दर्शनमा र यसैको प्रभावमा परेर रचिएका पूर्वीय वाङ्मयका विभिन्न शाखाहरूमा वाक्यका अवयवहरूको निकटता जनाउने सन्दर्भमा भएको हो" (खनाल, २०६४, पृ. २३५) । जस्तै : मलिलो शब्दले माटो, खेत, बारी, ठाँउ आदि शब्दसँग नजिकको सम्बन्ध राख्छ अर्थात् यी शब्दसँग मलिलो शब्दको विशेष सम्बन्ध छ तर हावा, मान्छे, पानी शब्दसँग मलिलो शब्दको केही सम्बन्ध नै छैन। तसर्थ पाठको अध्ययन विश्लेषणमा यस्ता अर्थ सम्बन्ध भएका शब्दहरूको पनि पहिचान गर्नु आवश्यक हुन्छ।

**प्रकारान्तर कथन :**

उही कुरालाई अर्को किसिमले भन्ने काम वा भिन्न किसिमले भनिएको कथनलाई प्रकारान्तर कथन भनिन्छ (अधिकारी र भट्टराई, २०६६) । जस्तै : आमा भाइलाई सुताउनु हुन्छ र मलाई पढाउनु हुन्छ। यो वाक्यलाई विभिन्न किसिमले प्रकारान्तर कथन गर्न सकिन्छ :

- आमा भाइलाई सुताएर मलाई पढाउनु हुन्छ।
- आमा भाइलाई सुताउनु हुन्छ अनि मलाई पढाउन हुन्छ।
- जहिले आमा भाइलाई सुताउनु हुन्छ तहिले मलाई पढाउनु हुन्छ।

एउटा भनाइलाई विभिन्न किसिमले भन्नु नै प्रकारान्तर कथन हो। यसले पनि कोशीय संसक्ति निर्माणमा सहयोग पुऱ्याएको हुन्छ।

## निष्कर्ष

निष्कर्षतः पाठको निर्माणमा सहयोग पुऱ्याउने तत्त्वका रूपमा संसक्ति र सम्बद्धन अनिवार्य मानिन्छन्। संसक्ति अन्तर्गत पाठलाई जोड्न सहयोग गर्ने कोशीय र व्याकरणिक संसक्तिको अध्ययन गरिन्छ भने सम्बद्धन अन्तर्गत अर्थको अन्वितिका सम्बन्धमा अध्ययन गरिन्छ । संसक्तिलाई व्याकरणिक र कोशीय गरी दुई भागमा वर्गीकरण गरिएको पाइन्छ । जसमा व्याकरणिक अन्तर्गत सार्वनामिक, स्थानिक, कालिक, संयोजक, पुनरावृत्ति, प्रतिस्थापन र लोप गरी सात ओटा र कोशीय अन्तर्गत पर्यायवाची, विपरीतार्थी, समावेशी, अनेकार्थी, सन्निधान र प्रकारान्तर कथन गरी छ ओटा पर्दछन् । पाठहरूमा यी एकाइहरु भाषिक अन्वयक वा जोर्नीका रूपमा आएका हुन्छन् । शब्द, पदावली, उपवाक्य एवम् वाक्यका बिच शृङ्खला कायम गर्नमा संसक्तिको भूमिका महत्त्वपूर्ण रहेको छ । वाक्यभन्दा माथिल्लो अन्तर्वाक्यीय सम्बद्धता निर्वाह गर्न तथा सङ्कथनमा बुनोटको सृजना गर्न संसक्तिको अनिवार्य आवश्यकता पर्ने गर्दछ । तसर्थ भाषिक पाठको निर्माण वा विश्लेषण गर्दा यो पक्षलाई ध्यान दिनु जरूरी छ ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६२), *समसामयिक नेपाली व्याकरण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६२), *सामाजिक र प्रायोगिक भाषा विज्ञान* (ते.संस्क.), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६६), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अनिवार्य नेपाली विषय स्थायी समिति (सम्पा.), (२०६६), *अनिवार्य नेपाली शिक्षण निर्देशिका,* काठमाडौँः साझा प्रकाशन ।

ओझा, रामनाथ (२०७४), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : करुधरा पब्लिकेसन प्रा.लि. ।

क्रिस्टल, डेभिड (सन् २००८), *अ डिक्सनरी अफ लिङ्ग्विस्टिक एन्ड फोनेटिक्स* (छैटौँ संस्क.), युकेः ब्ल्याकवेल पब्लिसिङ ।

खनाल, चक्रपाणि (२०६४), *भाषा विज्ञान शब्दकोश,* विराटनगर : सरस्वती प्रकाशन ।

गौतम, रामप्रसाद (२०६१), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद र अन्य (२०७३/७४), *अनिवार्य नेपाली,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६५), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

तिवारी, भोलानाथ (सन् १९९७), *भाषा विज्ञान* (तिसौँ संस्क.), इलाहावाद : किताब महल ।

पौडेल, माधवप्रसाद (२०७३), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू* (दो. संस्क.), काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

भण्डारी, पारसमणि र नेपाल, शक्तिराज (२०६७), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

सिंह, विजयपाल (सन् १९९९), *भाषा विज्ञान,* वाराणसी : संजय बुक सेन्टर ।